**आकाशवाणी समाचार- नेपाली**

मितिः २६ सितम्बर २०२५

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

**<u>मुख्य समाचार</u>**

- प्रधानमंत्री नरेंद्र मोदीले आज नयाँ दिल्लीमा दीन दयाल उपाध्याय मार्ग स्थित दिल्ली प्रदेश भाजपा को नयाँ कार्यालय को उद्घाटन गर्नुहुनेछ।

- रेल मंत्री अश्विनी वैष्णवले आज बिहार को पटना जंक्शनबाट सात वटा ट्रेनलाई हरियो झण्डा देखाएर प्रस्थान गराउनु हुनेछ।

- वियतनाममा तूफान बुआलोई को कारण खतरा रहेका क्षेत्रहरुबाट हजारौं मानिसहरुलाई सुरक्षित निकालिएको छ।

- एशिया कप टी-20 क्रिकेट टूर्नामेंटको फाइनल खेलमा भारतले पाकिस्तानलाई पांच विकेटले पराजित गरेको छ।

- मौसम विभागले सौराष्ट्र, कच्छ, गुजरात, कोंकण, गोआ अनि मध्य महाराष्ट्र मा विभिन्न स्थानहरुमा आज भारी वर्षा हुने संभावना व्यक्त गरेको छ।

**<u>प्रधानमन्त्री - दिल्ली भाजपा कार्यालय</u>**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज नयाँ दिल्लीको दीनदयाल उपाध्याय मार्गमा रहेको नयाँ दिल्ली राज्य भाजपा कार्यालयको उद्घाटन गर्नुहुनेछ। यो कार्यक्रम नवरात्री उत्सवको समयमा हुँदैछ। दिल्ली भाजपा अध्यक्ष वीरेन्द्र सचदेवाले भन्नुभयो नयाँ कार्यालय केवल कार्यस्थल मात्र होइन, तर अनुष्ठानको केन्द्र हो जहाँ पार्टीको संस्कृति र भावनालाई कार्यकर्ताहरूमाझ पोषित गरिन्छ। वहाँले उद्घाटनलाई दिल्लीमा पार्टीको यात्रामा एक ऐतिहासिक क्षणको रूपमा पनि वर्णन गर्नुभयोभाजपा राष्ट्रिय अध्यक्ष जगत प्रकाश नड्डा, दिल्लीका मुख्यमन्त्री रेखा गुप्ता, वरिष्ठ नेताहरू, सांसदहरू, विधायकहरू, पार्षदहरू, केन्द्रीय मन्त्रीहरू र हजारौं पार्टी कार्यकर्ताहरू पनि उद्घाटन समारोहमा उपस्थित हुनेछन्।

**वैष्णव - बिहार रेलहरू**

रेलवे मन्त्री अश्विनी वैष्णव र बिहारका उपमुख्यमन्त्री सम्राट चौधरीले आज बिहारको पटना जंक्शनबाट सात रेलहरूलाई झण्डा देखाउनु हुनेछ । यसमा तीन अमृत भारत एक्सप्रेस रेलहरू र चार यात्रु रेलहरू समावेश छन्। रेलवे मन्त्रीले भिडियो कन्फरेन्सिङ मार्फत उद्घाटन समारोहमा भाग लिनुहुनेछ । रेलवे मन्त्रालयले यी तीन अमृत भारत एक्सप्रेस रेलहरू मुजफ्फरपुर र चार्लापल्ली, दरभंगा र मदार जंक्शन, र छपरा र आनन्द विहार टर्मिनल बीच चल्ने बताउनु भएको छ।हाल देशभरी कुल १२ अमृत भारत एक्सप्रेस रेलहरू सञ्चालनमा छन्, जसमध्ये १० वटा बिहारबाट सुरु हुन्छन्। थप तीन अमृत भारत एक्सप्रेस रेलहरू सुरु भएसँगै, अमृत भारत रेलहरूको कुल संख्या १५ पुग्नेछ। चार नयाँ यात्रु रेलहरूले बिहारका प्रमुख शहरहरू जस्तै नवादा, इस्लामपुर, बक्सर र झझालाई जोड्नेछन्।

**सेवा पर्व - प्रधानमन्त्री गतिशक्ति**

सेवा र सुशासन अर्थात् जनताको सेवा र सुशासनको मन्त्रबाट प्रेरित, प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा रहेको सरकारले रूपान्तरण र प्रगति ल्याउन अथक प्रयास गरिरहेको छ। आज, यस विशेष शृङ्खला - 'सेवा पर्व' मा, हामी तपाईँहरुलाई मोदी सरकारले प्रधानमन्त्री गतिशक्ति राष्ट्रिय मास्टर प्लान मार्फत पूर्वाधार विकासमा कसरी क्रान्तिकारी परिवर्तन ल्याएको छ भन्ने कुरा प्रस्तुत गर्दछौं।

**निर्वाचन आयोग - केन्द्रीय पर्यवेक्षकहरू**

निर्वाचन आयोगले बिहार विधानसभा चुनाव र विभिन्न राज्यका आठ विधानसभा निर्वाचन क्षेत्रहरूमा उपचुनावहरूको लागि केन्द्रीय पर्यवेक्षकहरू तैनाथ गर्ने घोषणा गरेको छ। यसमा सामान्य अधिकारीहरू, पुलिस र खर्च पर्यवेक्षकहरू समावेश हुनेछन्।स्वतन्त्र, निष्पक्ष र पारदर्शी चुनाव सुनिश्चित गर्न, ३२० आईएएस र ६० आईपीएस अधिकारीहरू सहित कुल ४७० अधिकारीहरूलाई केन्द्रीय पर्यवेक्षकको रूपमा खटाइनेछ। उनीहरूले प्रत्येक निर्वाचन क्षेत्रमा निर्वाचन प्रक्रियाको अनुगमन गर्नेछन्, सुधारका लागि क्षेत्रहरू पहिचान गर्नेछन् र उपयुक्त कारबाही सिफारिस गर्नेछन्।निर्वाचन आयोगले भनेको छ कि पर्यवेक्षकहरूले आयोगलाई स्वतन्त्र, निष्पक्ष, पारदर्शी र समावेशी चुनाव सञ्चालन गर्ने संवैधानिक दायित्व पूरा गर्न मात्र सहयोग गर्नेछन्, तर मतदाता जागरूकता र सहभागिता बढाउन पनि योगदान गर्नेछन्।जम्मू कश्मीरको बडगाम र नागरोटा निर्वाचन क्षेत्र, राजस्थानको अन्ता निर्वाचन क्षेत्र, झारखण्डको घाटशिला निर्वाचन क्षेत्र, तेलङ्गानाको जुबली हिल्स निर्वाचन क्षेत्र, पञ्जाबको तरनतारन निर्वाचन क्षेत्र, मिजोरमको डम्पा निर्वाचन क्षेत्र र ओडिशाको नुआपाडा निर्वाचन क्षेत्रको लागि उपचुनावहरू तय गरिएको छ।

**दिल्लीका मुख्य सचिव**

गृह मन्त्रालयले वरिष्ठ आईएएस अधिकारी राजीव वर्मालाई दिल्लीको नयाँ मुख्य सचिवमा नियुक्त गरेको छ। अरुणाचल प्रदेश-गोवा-मिजोरम र केन्द्र शासित प्रदेश क्याडरका १९९२ ब्याचका अधिकारी श्री वर्माले अक्टोबर १ मा पदभार ग्रहण गर्नुहुनेछ ।वहाँले धर्मेन्द्रको ठाउँ लिनु हुनेछए जसले गत वर्ष सेप्टेम्बरदेखि यो पद सम्हाल्दै आइ रहनु भएको छ र यसै महिना अवकाश लिँनु हुदैछ ।

**वियतनाम - तूफान**

वियतनाममा तूफान बुआलोई को कारण खतरा रहेका क्षेत्रहरुबाट हजारौं मानिसहरुलाई सुरक्षित निकालिएको

छ अनि हवाई अड्डाहरुलाई बंद राखिएको छ। तूफान तिव्र गतिमा वियतनाम तर्फ बढ़िरहेको बताइएको छ। यस अघि फिलीपींसमा यस तूफानको कारण 10 जना मानिसको मृत्यु भएको थियो। तूफानको कारण 1 सय 33 किलोमीटर प्रति घंटा को गति मा हावा चलिरहेको छ। तूफान आज मध्य वियतनाम मा पुग्ने आशंका रहेको छ। मौसम विभाग अनुसार तूफानको तीव्रता धेरै अधिक छ अनि यसको प्रभाव व्यापक रहेको छ। एजेंसी अनुसार यस तूफानको कारण तिव्र गतिमा हावा, भारी वर्षा, बाढ़ अनि पैह्रो जान  सहित धेरै प्राकृतिक आपदाहरु आउने सक्ने आशंका रहेको छ।

वियतनामले हिज दा नांग अंतर्राष्ट्रीय हवाई अड्डा सहित चार तटीय हवाई अड्डाहरुमा परिचालन स्थगित गरेको छ। धेरै उड़ानहरुको प्रस्थान समय मा परिवर्तन पनि गरिएको छ। तूफ़ान प्रभावित क्षेत्रका स्कूलहरु पनि आज बंद रहनेछ।

**क्रिकेट - एसिया कप नतिजा**

एसिया कप टी-२० क्रिकेट प्रतियोगिताको अन्तिम खेलमा भारतले पाकिस्तानलाई पाँच विकेटले पराजित गर्दै  भारतले नवौं पटक एसिया कपको उपाधि जितेको छ । पाकिस्तानले दिएको १४७ रनको लक्ष्यको जवाफमा भारतले केवल २० रनमा तीन विकेट गुमाए। त्यसपछि, तिलक वर्मा र संजु सामसन बीचको साझेदारीले भारतीय इनिङलाई स्थिर बनायो। तिलक वर्माले ६९ रनको शानदार अविजित अर्धशतक बनाए। शिवम दुबेले ३३ र संजु सामसनले २४ रन बनाए।

यसअघि, पाकिस्तान १४६ रनमा अलआउट भए भने  भारतका लागि कुलदीप यादवले चार विकेट लिए। जसप्रीत बुमराह, वरुण चक्रवर्ती र अक्षर पटेलले दुई-दुई विकेट लिए। पाकिस्तानका लागि साहिबजादा फरहानले सर्वाधिक ५७ रन बनाए।

**एसिया कपको शुभकामना**

राष्ट्रपति द्रौपदी मुर्मुले एसिया कप क्रिकेट प्रतियोगिता जितेकोमा भारतीय टोलीलाई बधाई  दिनु भएको छ । सामाजिक सञ्जालमा पोस्ट गर्दै राष्ट्रपतिले भविष्यमा पनि भारतीय टोलीको गौरव कायम रहोस् भन्ने कामना गर्नु भयो ।यसैबीच, प्रधानमन्त्री नरेन्द्र मोदीले खेललाई अपरेशन सिन्दूरसँग तुलना गर्दै नतिजा उस्तै भएको र क्रिकेट मैदानमा पनि भारतले जितेको बताउनु भयो । सामाजिक सञ्जालमा पोस्ट गर्दै प्रधानमन्त्रीले खेलाडीहरूलाई बधाई दिनु भएको छ ।

**मौसम**

मौसम विभागले सौराष्ट्र, कच्छ, गुजरात, कोंकण, गोआ अनि मध्य महाराष्ट्र मा विभिन्न स्थानहरुमा आज भारी वर्षा हुने संभावना व्यक्त गरेको छ। अंडमान-निकोबार द्वीप समूह, छत्तीसगढ़, नागालैंड, मणिपुर, मिज़ोरम अनि त्रिपुरा का केही भागहरुमा पनि आगामी 2-3 दिनको अवधि हल्का देखि मध्यम वर्षा हुन सक्ने अनुमान पनि विभागले व्यक्त गरेको छ। यसको साथै विभागले आंध्र प्रदेश, गुजरात, बिहार, झारखंड, मध्य प्रदेश, ओडिशा, तेलंगाना, पश्चिम बंगाल अनि सिक्किम का केही भागहरुमा पनि **आज** गरजन साथ वर्षा हुने संभावना पनि व्यक्त गरेको छ।

**अनिवार्य घोषणा - "सार्वजनिक भाषण"**

अल इन्डिया रेडियोको समाचार सेवा विभागले आज राति ९:३० बजे फोन-इन कार्यक्रम "सार्वजनिक भाषण" मा "GST बजेट उत्सव - प्रत्येक परिवारको लागि बचत अवसर" शीर्षकमा छलफल प्रसारण गर्नेछ। आर्थिक विश्लेषक डा. अमन अग्रवाल छलफलमा भाग लिनु हुनेछ ।स्रोताहरूले कार्यक्रमको क्रममा स्टुडियोमा उपस्थित विज्ञलाई GST सुधारहरू र GST बजेट उत्सवको अधिकतम फाइदा लिने तरिकाहरू बारे प्रश्नहरू सोध्न सक्नेछन् । प्रश्न सोध्नको लागि टेलिफोन नम्बरहरू हुन् - ०११-२३३१०४८१, ०११-२३७१७१११७, ०११-२३७१७१०६ र ०११-२३३१४४४४ र व्हाट्सएप नम्बर - ९२८-९०९-४०४४। प्रश्नहरू X मा Ask-AIR ह्यासट्यागको साथ पनि पोस्ट गर्न  सकिनेछ ।